**निर्णयहरु**

१.यस गाउँपालिका कार्यालयमा कार्यालय सहयोगीको २ जना दरबन्दी भएको तर हाल १ जनामात्र कार्यरत भएको हुँदा कार्यालयका कोठाको सरसफाई तथा परिसर सरसफाईका लागि विकास तर्फको कन्टेन्जेन्सी रकमबाट भुक्तानी हुने गरि मासिक रुपमा रु १६,०००।०० रकमको व्यवस्था गर्ने निर्णय गरियो ।

२. महेन्द्रदेव मा.वि.,मर्स्याङ्दी ७ ले वालदिवसको अवसरमा खर्च गरेको रु १२,२७०।०० लाई गाउँसभाबाट " विभिन्न धार्मिक,साँस्कृतिक साहित्यिक महोत्सव दिवस " लागि विनियोजन भएको रकमबाट भुत्तानी हुने गरि अनुमोदन गर्ने निर्णय गरियो ।

३. यस गाउँपालिका भित्र रहेका सिम्पानी स्वास्थ्य चौकी र घनपोखरा स्वास्थ्य चौकीमा करारमा कार्यरत कार्यालय सहयोगीहरु क्रमश किरण भण्डारी र किरण गुरुङ् लाई यस गाउँपालिकाको स्वास्थ्य तर्फको शसर्त अनुदानबाट साविककै सेवा,सुविधा भुत्तान हुने गरी मिति २०७४।०४।०१ गतेबाट लागु हुने गरि करार सम्झौता नविकरण गर्ने निर्णय गरियो ।

४. यस मर्स्याङ्दी गाउँपालिकाको गाउँ सभा सञ्चालन कार्यविधि, २०७४ लाई सर्वसम्मतले पारीत गर्ने निर्णय गरियो ।

५. आ.व. २०७३/०७४ मा चालु तर्फ अख्तियारी प्राप्त रु २० लाख मध्ये खर्च भएको रु १६,७१,७४०।६० र पूँजीगत तर्फ अख्तियारी प्राप्त भएको रु ८० लाख मध्ये खर्च भएको रु ३०,६६,४६०।४८ को खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

६.यस गाउँपालिकाको वित्तिय समानीकरण अनुदानमा संलग्न विषयगत शाखा कृषि तर्फको रकम रु ३९,६९,०००।०० र पशुसेवा तर्फको रकम रु ५५,८५,०००।०० को सम्बन्धित विषयगत शाखाहरुबाट कार्यक्रम सहित रकम माग भएकोमा आगामी गाउँसभाबाट रकम संसोधन गरी बजेट व्यवस्था गर्ने गरि कार्यक्रम स्वीकृतीका लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

७. गाउँपालिकाबाट सञ्चालित आयोजनाहरुमा निम्नानुसारले श्रमदान गर्नुपर्ने निर्णय गरियो ।

➢ भवन निर्माण तर्फको आयोजनामा- २० प्रतिशत

➢ खानेपानी तर्फको आयोजनामा - २० प्रतिशत

➢ गोरेटो बाटो तर्फको आयोजनामा - १५ प्रतिशत

➢ मोटरबाटो तर्फको आयोजनामा - १५ प्रतिशत

➢ सिँचाई तर्फको आयोजनामा - २० प्रतिशत

➢ खेल मैदान तर्फको आयोजनामा- १५ प्रतिशत

८.यस गाउँपालिका भित्र रहेका विद्यालयहरुको सुधारको निम्ति विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरु सँगको भेला आयोजना गर्ने निर्णय गरियो ।

९.यस गाउँपालिका भित्र रहेका विद्यालयहरुको सुधारको निम्ति विद्यालयको प्रधानाध्यापक र अध्यक्षहरु सँगको सँयूक्त कार्यशाला गोष्ठि आयोजना गर्ने निर्णय गरियो ।

१०. यस गाउँ कार्यपालिकाले मिति २०७४।०४।२५ वैठकले विभिन्न प्रकारका तालिम सञ्चालन गर्ने निर्णय गरे अनुसार उक्त तालिम २०७४ कार्तीक १३ गते बाट २ वटा समुहको लागि ग्रामीण तालीम केन्द्र, बगैचा र १ वटा समुहको लागि कृषि सेवा केन्द्र, खुदीमा सञ्चालन गर्ने निर्णय गरियो ।

१२. यस गाउँपालिकाका उपाध्यक्ष,वडा अध्यक्षहरु तथा गाउँ कार्यपालिकाका सदस्यहरुलाई २०७४ कार्तिक १ गतेबाट लागु हुने गरि तल उल्लेखित दरले मासीक संचार खर्च,सवारी ईन्धन र मर्मत वापतको खर्च दिने निर्णय गरियो ।

- संचार खर्च :

  ➢ गा.पा. उपाध्यक्ष - मासीक रु. १०००।-

  ➢ वडा अध्यक्ष - मासीक रु. ७५०।-

  ➢ गा.का. पा.सदस्य - मासीक रु. ५००।-

  कार्तीक १ गते देखि लागु हुने गरी ।

- ईन्धन खर्च र मर्मत वापतको खर्च:

  ➢ वडा अध्यक्षहरुलाई - मासीक १० लि. पेट्रोल ।

  ➢ सरकारी मोटरसाईकल भएका वडा अध्यक्षहरुलाई मोटरसाईकल मर्मत - मासीक रु. ५००।- मा नबढ्ने गरी ।

१३. एकादशी मेला आयोजक समिति, खुदी लाई एकादशी मेलाको अवसरमा विभिन्न कार्यक्रमहरु आयोजना गर्न " विभिन्न धार्मिक,साँस्कृतिक साहित्यिक महोत्सव दिवस " मा छुट्याईएको रकमबाट भुक्तानी हुने गरी रु. ७५०००।- रकम उपलब्ध गराउने निर्णय गरियो ।

१४. यस गाउँपालिका भित्रबाट संकलित अलैचीमा अलैंची संकलन गर्ने व्यापारीबाट प्रति किलो रु ५।- रोयल्टी लिने निर्णय गरियो ।

१५. खुदी प्रहरी चौकीले गाडीको टायर फेर्न भनि निवेदन दिएकोमा प्रहरी चौकीलाई टायर खरिद गरि गाउँपालिकामा बिल पेश गर्न र गाउँपालिकामा दाखिला गरि प्रहरी चौकीलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।